वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Womi Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

दर्ता नं.: १२९६/०६७/०६८
पान नं.: ६००१०९९९२

केन्द्रीय कार्यालयः बनेपा-१४, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३७१९, ६६२२७५
फ्याक्सः +९७७-११-६६२२७५


च.नं. २१०/७३-८/०७६/७७

मिति : २०७६।११।१८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाण्डौं

विषयः जानकारी सम्बन्धमा ।

महाशय,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७६ साल पौष २० गतेको बैठकले शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु २५,२५,७६,०००।- (अक्षरुपी पच्चीस करोड पच्चीस लाख छयहत्तर हजार) को २० प्रतिशत बोनस शेयर तथा ६ प्रतिशत नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) गरी कुल २६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरी वित्तीय विवरण स्वीकृतार्थ श्री नेपाल राष्ट्र बैंकमा पेश गरेकोमा उक्त बैंकले यस वित्तीय संस्थाको २०७६ असार मसान्तमा कायम भएको चुक्ता पूँजी रु १०,१०,८८,०००।- मा आधारित भई खुद मुनाफाबाट ग्राहक संरक्षण कोषमा रकम छुट्टयाई वार्षिक विवरण प्रकाशन गर्न निर्देशन सहित आर्थिक वर्ष २०७५/०७६ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने सहमति पत्र प्रदान गरेको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

यस वित्तीय संस्थाले यस अघि हाल कायम चुक्ता पूँजीमा(हकप्रद शेयरबाट थप भएको शेयर पूँजी तथा साविक नागरिक लघुवित्त लघुवित्त वित्तीय संस्था मर्जर भए पश्चात् थप हुन आएको शेयर पूँजी समेत) आधारित भई बाँडफाँट गरिने भनिएको लाभांश रकम नेपाल राष्ट्र बैंकको उक्त निर्देशन बमोजिम छुट्याउँदा अपुग हुन जाने हुँदा आर्थिक वर्ष २०७५/०७६ को खुद मुनाफाबाट २०७६ असार मसान्तमा कायम चुक्ता पूँजी रु १०,१०,८८,०००।- को २५ प्रतिशतका दरले बोनस शेयर रु.२,५२,७२,०००।-(अक्षरुपी दुई करोड बाउन्न लाख बहत्तर हजार) तथा १.३१६ प्रतिशतका दरले नगद लाभांश (बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि) रु.१३,३०,१०५।२६(अक्षरुपी तेह्र लाख तिस हजार एक सय पाँच रुपैया छब्बिस पैसा) प्रचलित कानुन बमोजिम रहेका शेयरधनीहरुलाई वितरण गर्ने प्रयोजनका लागि आगामी साधारण सभामा स्वीकृतार्थ पेश गर्ने मिति २०७६ फाल्गुण १७ गते शनिवार विहान ९ बजे बसेको सञ्चालक समितिको १४१ औं बैठकको निर्णयानुसार तहाँको जानकारीका लागि अनुरोध गरिन्छ । उपरोक्त बमोजिम २०७६ आषाढ मसान्तको चुक्ता पूँजीको आधारमा ग्राहक संरक्षण कोषमा रकम छुट्याई हाल कायम चुक्ता पूँजी रु २५,२५,७६,०००।-(अक्षरुपी पच्चीस करोड पच्चीस लाख छयहत्तर हजार) को आधारमा लाभांश शेयरधनीहरुलाई वितरण गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

यस सम्बन्धमा श्री नेपाल राष्ट्र बैंकबाट प्राप्त आर्थिक वर्ष २०७५/७६ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने सहमति पत्र तथा सञ्चालक समितिको मिति २०७६।११।१७ गते बसेको १४१ औं बैठकको निर्णयको उतार तहाँको जानकारीका लागि यसै पत्र साथ संलग्न गरी पेश गरिएको छ ।

संलग्न
१.नेपाल राष्ट्र बैंकबाट प्राप्त पत्र -१ पाना
२.निर्णयको उतार -१ पाना

भवदीय,

प्रमेश आचार्य
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

बोधार्थ
१.श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
२.श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाण्डौं ।

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग
## गैर स्थलगत फाँट

फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।


पत्र संख्या: ल.वि.प्र.सु.वि./गैर-स्थलगत/वोमी /०७६/७७ ~~२०१~~-१२३३ मिति: २०७६/११/१४

श्री वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा १४, काभ्रेपलाञ्चोक ।

विषय: आर्थिक वर्ष २०७५/७६ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने सहमति सम्बन्धमा ।

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीको लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाको लाभांश साधारण सभाबाट स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृति तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(१) संस्थाको २०७६ असार मसान्तमा कायम भएको चुक्ता पुँजी रु.१०,१०,८८,०००।- को आधारमा खुद मुनाफाबाट ग्राहक संरक्षण कोषमा रकम छुट्टयाई वार्षिक वित्तीय विवरण प्रकाशन गर्न ।

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१८ को उपबुँदा नं. २ बमोजिम संस्थाका सञ्चालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन संस्थाले २ महिनाभित्र यस सम्बन्धी कार्यविधि बनाइ लागू गर्नुहुन ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) अनुसार स्वतन्त्र सञ्चालक नियुक्त गरी यस बैंकलाई जानकारी गराउनु हुन ।

(४) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. १७ को बुँदा नं. १७.१ बमोजिम संस्थाले विपन्न वर्गमा मात्र प्रवाह गर्ने गरी प्राप्त सम्पूर्ण सापटी लक्षित वर्गको पहिचान गरेर मात्र कर्जा प्रवाह गर्नुहुन ।

(५) यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. १६ को बुँदा नं. १६.६ (क) बमोजिम सदस्यहरुसँग सदस्यता शुल्क, पासबुक शुल्क उठाउने कार्य ७ दिनभित्र बन्द गरी यस बैंकलाई जानकारी दिनु हुन ।

(६) संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षकको प्रतिवेदनका साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु समेत पुनः नदोहोरिने गरी सुधार गर्नुहुन ।

भवदीय,

(रामकाजी खाइजु)
उप निर्देशक

बोधार्थ:

१. नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

२. नेपाल राष्ट्र बैंक
लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग, कार्यान्वयन फाँट ।

दर्ता नं.: १२९६/०६७/०६८
पान नं.: ६००१०९९९२

# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Womi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः बनेपा-१४, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३७१९, ६६२२७५
फ्याक्सः +९७७-११-६६२२७५

## निर्णयको उतार

मितिः २०७६/११/१८

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७६ साल फाल्गुण १७ गते शनिवार वसेको १४१ औं वैठकको निर्णय नं. १ को उतार निम्नानुसार भएको व्यहोरा प्रमाणित गर्दछु ।

"निर्णय नं. १: नेपाल राष्ट्र बैंकको मिति २०७६/११/१४ गतेको पत्र संख्या: ल.वि.प्र.सु.वि./गैर-स्थलगत/वोमी/०७६/७७ च.नं.१३३३ को पत्रानुसार प्रेषित आर्थिक वर्ष २०७५/७६ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने सहमति पत्र मिति २०७६।११।१६ गते प्राप्त गरिएको सन्दर्भमा । यस वित्तीय संस्थाको २०७६ असार मसान्तमा कायम भएको चुक्ता पूँजी रु १०,१०,८८,०००।- मा आधारित भई खुद मुनाफाबाट ग्राहक संरक्षण कोषमा रकम छुट्टयाई वार्षिक विवरण प्रकाशन गर्न नेपाल राष्ट्र बैंकले निर्देशन दिएकोले यस अघि हाल कायम चुक्ता पूँजीमा(हकप्रद शेयर तथा साविक नागरिक लघुवित्त लघुवित्त वित्तीय संस्था मर्जर भए पश्चात् थप हुन आएको शेयर पूँजी समेत) आधारित भई बाँडफाँट गरिने भनिएको लाभांश रकम वितरण गर्न अपुग हुने हुँदा खुद मुनाफाबाट लाभांश तथा ग्राहक संरक्षण कोषमा देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय भयो ।

प्रस्तावित २५% वोनस शेयर :रु. २,५२,७२,०००।-

प्रस्तावित १.३१६ %नगद लाभांश :रु. १३,३०,१०५।२६

ग्राहक संरक्षण कोष :रु.२२,१६,३५३।६७

कायम चुक्ता पूँजी रु आर्थिक वर्ष २०७५/०७६ को खुद मुनाफाबाट २०७६ असार मसान्तमा कायम चुक्ता पूँजी रु १०,१०,८८,०००।- को २५ प्रतिशतका दरले वोनस शेयर रु.२,५२,७२,०००।-(अक्षरुपी दुई करोड बाउन्न लाख बहत्तर हजार) तथा १.३१६ प्रतिशतका दरले नगद लाभांश (वोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि) रु.१३,३०,१०५।२६(अक्षरुपी तेह्र लाख तिस हजार एक सय पाँच रुपैया छब्बिस पैसा) प्रचलित कानुन बमोजिम रहेका शेयरधनीहरुलाई वितरण गर्ने प्रयोजनका लागि आगामी साधारण सभामा स्वीकृतार्थ पेश गर्ने निर्णय भयो । साथै, उपरोक्त बमोजिम परिमार्जित वित्तीय विवरणहरुमा दस्तखत गर्ने तथा वाह्य लेखापरीक्षक श्री हिमाञ्चल पाठकबाट प्रमाणित गराउने निर्णय भयो ।

उपरोक्त बमोजिम २०७६ आषाढ मसान्तको चुक्ता पूँजीको आधारमा ग्राहक संरक्षण कोषमा रकम छुट्याई हाल कायम चुक्ता पूँजी रु २५,२५,७६,०००।-(अक्षरुपी पच्चीस करोड पच्चीस लाख छयहत्तर हजार) को आधारमा लाभांश शेयरधनीहरुलाई वितरण गरिनेछ ।"

..................
प्रमेश आचार्य
कम्पनी सचिव